नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-५७६, दायर मिति-:२०८०-०१-३१

फैसला मिति-२०८०-०४-११

वादी

अजित रौनियारको जाहेरीले नेपाल सरकार------१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.२१ बस्ने बर्ष २२ को अनिरुद्र कुमार कुशवाहा---------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने अजित रौनियारको जाहेरी दरखास्त।**

**२. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।**

**३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज गरी तथा हातपात समेतको प्रयास गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका राज कुमार महतो समेतको घटनाविवरण कागज।**

**४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**

**५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

**यसमा मैले कसैलाई गाली गलौज ,हातपात गरेको छैन भनी ईन्कारी बयान गरेतापनी मिति २०८०।१।९ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२१ स्थित जाहेरवालालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले अनिरुद्र कुमार कुशवाहालाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का, तथा अजित रौनियारको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अनिरुद्र कुमार कुशवाहालाई जरिवाना रु ५०००।- गर्ने र कैद १ महिना २१ गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अनिरुद्र कुमार कुशवाहालाई ठहरेको कैदको हकमा निज प्रतिवादी मिति २०८०-०१-११ गते देखि २०८०-०२-३१ सम्म १ महिना २१ दिन थुनामा बसेको देखिँदा सोही बाट कैद मिनाहा गर्नु र जरिवानाको हकमा मिति २०८०-०२-३२ गते र.नं.९३३ बाट दाखिला गरेको धरौटी रकम रु १०,०००।- बाट जरिवाना रकम रु ५,०००।- कट्टा गरि मिनाहा गर्नु र बाँकी रहेको रु ५,०००।- प्रतिवादीलाई फिर्ता गर्ने लेखा शाखा,जिल्ला प्रशासन कार्यालय,पर्सालाई पत्र लेख्नु।--------------------------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल श्रावण महिना ११ गते रोज ५ शुभम् ......................